राष्ट्रिय स्वतन्त्र पार्टी
NATIONAL INDEPENDENT PARTY
सुदुर पश्चिम प्रदेश कार्यालय
धनगढी, कैलाली


प.सः ०८१/८२
च.नः

मिति- २०८१ भाद्र ११ गते

श्री प्रदेश सभापति ज्यू,

राष्ट्रिय स्वतन्त्र पार्टी ,

सु प प्रदेश ,

**बिषय - स्पस्ट पारिएको सम्बन्धमा।**

उपरोक्त सम्बन्ध मा मिति २०८१ माघ १० गते प्राप्त पत्र मा सभापति ज्यू ले केहि झुट्टा आरोप , केहि भ्रमात्मक जसले संगठन निर्माण मा कुनै असर राखेको हुदैन त्यस्ता स - साना बिषय लाई तोडमोड गरि एउटै आशय मा केन्द्रित रही २१ बुदाको प्रश्नावली सहित को पत्र पढेपछि कुनै आस्चर्य लागेको छैन किन भने यो प्रदेश समिति र केन्द्रिय संगठन बिभाग मा पहिला देखि नै जानकारी मा आएको कुरा हो कि सुदुरपश्चिम मा सभापति र महामन्त्री बीच सम्बन्ध ठिक चलिरहेको छैन । आज भन्दा १ महिना अघि मैले तपाइलाई नै भनेको हो कि तपाइँ को र मेरो स्वभाब मिलेन के त म कुनै बिभाग तिर काम गर्छु के त राजिनामा दिएर साधारण सदस्य भएर बस्छु भनेर तर तपाइले होइन तपाई जत्तिको मान्छे प्रदेश मा चाइञ्छ दाया बाया नसोच्नु प्रदेश मै रहने हो तपाइँ भन्नुभयो । । तत्कालिन धनगढी सभापति कविन्द्र ठकुल्ला लाई पारस बाहुन ले सबैकुरा मैले भने अनुशार गरेको भए हासी हासी जुन ठाउँ मा भन्यो तेइ ठाउ मा सिफारिस गर्थे तर अब बरु प्रदेश सभापति नरहला पारस बाहुन लाई अघि बढ्न दिइन्न भनि तपाइले भनेको कुरा सुनेपछि स्पस्ट भए  कि पारस बाहुन को राजनीतिक जिबन अपमान का साथ् समाप्त पर्छु भन्ने अठोट का साथ लाग्नुभएको छ । म  जिबन मा कुनै पार्टी को सदस्य त के कसैलाई मतदान नै नगरेको व्यक्ति रा स्व पा को सदस्यता लिएको  ६ दिन पछि मतदाता प्रमाणपत्र बनाएको मान्छे मेरो कुनै राजनीतिक जिबन छैन र रा स्व पा पछि सम्भवतः कुनै पार्टी मा लगिन्न होला पनि । सुदुरपस्चिम मा तपाइको कुरामा बिमति राख्ने लाई पेल्ने , कसरि हटाउन सकिन्छ भनि लागिरहने बानि संग म र पुरै समिति अपरिचित त हैन तर पनि सुधार गर्न सकिन्छ कि भनि लागेता पनि तपाई का पछिल्ला गतिबिधि पदाधिकारी प्रति गरिएका ब्यबहार हेर्दा तपाइलाई सुधार गर्न नसकिने र सहि काम मा समर्थन गर्ने गलत काम मा बिरोध

प.सः ०८१/८२
च.नः

मिति- २०८१ भाद्र ११ गते

गर्ने त्यसै गरि अघि बढ्ने निर्णय सहित काम गरेको यथार्थ हो । मेरो ८ महिनाको अनुभब मा हामीले ३ महिना भित्र ९ ओटै जिल्ला मा सक्रिय जिल्ला संयोजक बनाइसक्नु पर्ने भएपनि मात्र प्रदेश सभापति ज्यू को कारण ले ८ महिना बित्दा पनि ८ ओटा जिल्ला मात्र संयोजक बनाउन सकिएको र बझांग मा ५ महिना देखि जिल्ला संयोजक ले गरेको राजिनामा पनि अट्काएर राखिएको छ । कुनै पनि संघ , संस्था तथा राजनीतिक दल मा राजिनामा या त स्वीकृत हुन्छ या अस्वीकृत हुन्छ तर नियतबस अट्काउन मिल्दैन । तपाइँ का प्रश्न हरु को जबाफ माथिको भनाइ ले स्पस्ट परेको भएपनि बुदागत रुपमा पनि राख्न चाहान्छु ।

१) म महामन्त्री मा आउदै गर्दा अछाम र डोटी बाहेक ७ ओटा जिल्ला मद्धे तपाइकै गृह जिल्ला कैलाली , दार्चुला र बाजुरा को जिल्ला संयोजक जिल्ला मा हुनुहुन्थेन, बैतडी र बझांग जिल्ला संयोजक जिल्ला मा रहे पनि पूर्ण निस्क्रिय हुनुहुन्थ्यो , कंचनपुर तपाइकै कारण जिल्ला संयोजक बिहिन थियो र डडेल्धुरा मा म महामन्त्री मा आइसके पछि खालि भएको थियो । जिल्ला बाहिर रहेका र निस्क्रिय रहनु भएका सबै जिल्ला संयोजक ज्यू हरु तपाइँ कै संरक्षण मा हुनुहुन्थ्यो ।

क) डडेल्धुरा मा म महामन्त्री भएको १ महिना नाबित्त्दै भेला आह्वान गरेर प्रदेश सदस्य मा सिफारिस गरि जिल्ला संयोजक को प्रक्रिया अघि बढाइयो जसमा तपाइँ ले म पनि उपस्थित हुन्छु भनि ब्यानर मा आफ्नो फोटो समेत राख्न लागाउनुभो र भेला मा उपस्थित नै हुनुभएन ।

ख) कंचनपुर जिल्ला संयोजक पदम बिष्ट लाई जिम्मेवारी हेरफेर गर्नुभयो , मिलाउन खोज्दा मान्दै मान्नु भएन उहाको त्रुटी थियो तर सानोतिनो त्रुटी को कारण कसैको राजनीतिक जिबन समाप्त पर्न खोज्नु र जिल्लाकै संगठन अस्तव्यस्त बनाउनु गलत थियो कंचनपुर ४ महिना सम्म संयोजक बिहिन गर्नुभयो र सह प्रबक्ता प्रतिभा रावल ज्यू आएर कंचनपुर जिल्ला का सम्पूर्ण पालिका को उपस्थिति मा मिलाउनुपर्ने कुरा गरिसकेपक्षि बल्ल समाधान को लागि तयार हुनुभयो र त्यसपछि पनि पत्र

पठाउन १ महिना लगाउनुभयो यो पार्टी को लागि गर्नुभयो कि आफ्नो लागि थाहा छैन तर गलत थियो ।

ग) बाजुरा र बैतडी र दार्चुला जिल्ला का संयोजक हरुकों राजिनामा आइसकेपछि पनि स्वीकृत गर्न नमान्नुभएको र सो कुरा मैले केन्द्रिय संगठन बिभाग सचिब संकर श्रेष्ठ ज्यू लाई अनलाईन बैठक मा बोलाइ सभापति लाई सम्झाउन लगाई संकर सर को अघि हुन्छ भनेपनि फेरी आनाकानी गर्न थालेपछि संकर सर संग सल्लाह गरि मैलेनै स्वीकृत गरेर पठाएको थिए यो सहयोग थियो या असहयोग ? बैतडी र बाजुरा १ वर्ष देखि र दार्चुला को संगठन बिगत ६ महिना देखि निस्क्रिय बनाउनुभयो यो पार्टी को लागि गर्नुभयो कि आफ्नो लागि थाहा छैन तर गलत थियो ।

घ) बाजुरा जिल्ला भेला मा प्रदेश सभापति स्वयम् उपस्थित भेला बाट सिफारिस गरेका प्रदेश सदस्य ज्यूहरुलाई केन्द्र बाट नियुक्ति आइसक्दा पनि अनेक बहाना गरि जिम्मेहारी दिन बाट रोकेको र २०८१-०२-३० गते ८:३० बजे को अनलाईन बैठक मै महामन्त्री लगायत केहि साथीहरुलाई अपमानित हुनेगरी गालि गर्नुभयो सोहि बैठक मा कंचनपुर जिल्ला संयोजक पदम बिष्ट ज्यू ले सभापति ज्यू को तर्क गलत छ भनि आफ्नो अडान राख्दा उहालाई बैठक बाट हटाउनुपर्यो भनि मलाई निर्देशन गर्नुभयो र मैले उहा गलत हुनुहुन्न हटाउन मिल्दैन भन्दा मलाई बैठक मै अपमानित गर्नुभयो र आजको पत्र मा पनि त्यो प्रश्न राख्नुभयो सायद यो पनि सहि गर्नु भएको थिएन ।

ङ) दार्चुला जिल्ला भेला को लागि पहल गर्दा पदाधिकारी बैठक मा तपाईलाई २ मिनट मा हटाउने अधिकार छ भन्दै आधा घण्टा गालि गर्नुभो अरु पदाधिकारी ज्यू हरुले पनि भेला गर्नुपर्ने कुरा राखेपछि चुप लाग्नु भो अनि भेला को प्रक्रिया मैलेनै अघि बढाए । किन त्यसो गर्नुभो थाहा छैन तर गलत गर्नुभो ।

प.सः ०८१/८२
च.नः

मिति- २०८१ भाद्र ११ गते

जति पनि नया संयोजक ज्यू हरु आउनुभएको छ कसैले धेरै सक्ला कसैले कम सक्ला आफ्नो काम गरिरहनु भएको छ जति सकिन्छ निस्पक्ष गरिएको छ । कुनै भेला मा उपस्थित हुन सके कुनैमा हुन सकेन तर सबैको लागि आफ्नै सभापति संग लडाई गर्नुपर्यो जो अनपेक्षित थियो।

२) कुनै पनि कमजोरी गर्ने सदस्य लाई सम्पर्क गर्ने , सम्झाउने मेरो कर्तब्य हो सम्झाउदा पनि मान्नुभएन भने अनुशासन को कारबाही हुन्छ भनि सचेत गराउने हो र आबस्यक परे अनुशासन को कारबाही मा पनि पठाउने हो तर तपाइँ का अनुकुल का लाई बचाउने र फरक मत राख्ने लाई हटाउने हैन । बिधान सबैको लागि बराबर हो आउनुस माइन्युट गरौ कस कसलाई अनुशासन मा पठाउनुपर्छ पठाउ भन्दा किन समस्या मान्नुभएको ? बिगत मा तपाइले पठाएका धेरै मेसेज डिलिट भएकाले माइन्युट अनिवार्य गर्नुपर्ने हुन्छ ।

३) यो प्रश्न को उत्तर १ को घ मा छ।

४) निबर्तमान कोषाध्यक्ष ले केहि कमजोरी हरु गरिरहनुभएको छ यसरि हुदैन काम गर्नुपर्छ भनेकै हो तर उहालाई यो यो काम दिनुपर्यो भनेर तपाइले नै भनेको र बिहान बिहान फोन गरेर पारस जी फलो गर्नुपर्यो भनेर तपाइले नै भनेको अनुशार काम गरेको र राजिनामा गरिसके पछि तपाइले नै महामन्त्री ले गर्दा राजिनामा गर्यो भनेपछि पछि मैले सत्य कुरा बोलेको हो ।

५) कसैको अर्डर मानिदैन भनेको छैन हावा कुरा गर्न मलाई आउदैन पनि तर सहि कुरा मानिन्छ गलत कुरा मानिदैन भनेको छु त्यो पनि बाहिर हैन तपाइँ संगै भनेको छु । तपाइँ ले ५० पटक भन्दा बढी २ मिनट मा हटाउन सक्छु भन्दा फरक पर्दैन

प.सः ०८१/८२
च.नः

मिति- २०८१ भाद्र ११ गते

वडा सदस्य देखि केन्द्रिय सभापति सम्म ले चिन्नुहुन्छ कसरि काम गर्छ भन्ने पनि सबैलाई थाहा छ मलाई कुनै पनि ठाउँ मा जान कुनै समस्या छैन तपाइलाइ नै भनेको छु बाहिर हैन ।

६) तपाइले कुनै डाटा मागेको मेरो जानकारीमा छैन ।कुनै डाटा आबस्यक हुदा सिधै संगठन सचिब संग पनि माग्र सकिन्छ । महामन्त्री माथि प्रहार गर्ने अरु कुनै अश्त्र नपाएपछि यो बाहाना खोज्नु भएको हो भने मेरो भन्नु केहि पनि छैन ।

७) यो झुटो आरोप हो । बलियो तर्क नहुदा मान्छेले झुट को साहारा लिन्छ मैले १ दिन अघि प्रदेश को ग्रुप मा भ्रमण तालिका सहित राखेको छु तपाइको प्रश्न र ग्रुप को तालिका को मिति हेर्नुहोला । मैले बिना सेडुल को जानकारी गर्नु उचित हुदैन भनेको हो यो गलत कुरा हो भने म स्वीकार्छु ।

८) मैले सिधै संगठन बिभाग प्रमुख कविन्द्र बुर्लाकोटी ज्यू र तपाइँ लाई नै प्रदेश मा हाम्रो स्वभाब मिलिराछैन भनि प्रस्ताब राखेको हो यसमा तपाइले हुदैन भन्नुभो मैले केहि बोलिन प्रदेश समिति मा अनलाइन छलफल गरेर जाउ भन्दा तपाइले मान्नुभएन तपाइले नै नमानेपछि मेरो भन्नु के नै थियो र सबै संग सल्लाह गरेको भए आज बिरोध आउने थिएन भन्ने मेरो समिक्षा हो ।

९) प्रदेश कार्यालय महामन्त्री ले खोल्ने बन्द गर्ने कुरा तपाइको बिधान मा होला त्यो मैले पाएको छैन उपलब्ध गराइदिनुहोला तर पार्टी को बिधान मा कार्यालय को ब्यबस्थापन महामन्त्री ले हेर्ने भनेको छ त्यसको लागि कार्यालय सचिब राख्दा सहमति गरि सभापति २००० महामन्त्री ३०००धनगढी सभापति १००० र १००० पार्टी बाट दिने भनि सहमति गरि सचिब नियुक्त गरिएको र पैसा दिनुपर्दा

प.सः ०८१/८२
च.नः

मिति- २०८१ भाद्र ११ गते

तपाइले बोलेको कुरा पनि दिन नमानेको कुरा झुटो हो र ? १ महिनाको पारिश्रमिक महामन्त्री ले दिएको र त्यस पछि पारिश्रमिक नै दिन बाकि रहेको सायद तपाइलाई जानकारी हुनुपर्नेहो । महिनामा १ हप्ता कार्यालय मा सभापति ले समय दिनुपर्यो भन्नु गलत हो ? म सधै आफ्नो समय मिलाएर कार्यालय आइराखेको छु यो पत्र पनि कार्यालय मै बसेर लेखिराकोछु । हल्ला गरेर १ दिन आएर १ हप्ता सम्म फोटो हालेर मात्र कार्यालय आएको मानिन्छ भने त्यसो काम मेरो हात बाट हुन सक्दैन ।

१०) राजिनामा को बिषय मा जिल्ला संयोजक हरु संग सल्लाह गरेकै हो जुन संगठन मा काम गरिएको छ उहाहरु संग छलफल नै नगरी कदम चाल्नु उचित नहोला भनेर गरेको हो र तपाइँ संग पनि राजिनामा को कुरा राखेको थिए हैन तपाइँ प्रदेश मा चाहिन्छ भनेर किन रोक्नुभाको ?

११) मैले भनिरहनु पर्दैन ८ महिना मा कुन कुन जिल्ला मा कति चोटी संगठन को काम गर्नुभो फर्केर हेर्दा था पाइहाल्नुहुन्छ नि प्रदेश भनेको टिकापुर हो भने त मेरो भन्नु केहि छैन । संगठन को लागि कुरा उठाउन मिल्दैन र ?

१२) कुनै कुरा मा अर्डर मानिदैन भनिएको छैन रामारोशन बैठक को दस्ताबेज लाइ पूर्णता दिने जिम्मा प्रबक्ता लाई थियो पूर्णता भएको दस्ताबेज को परिपत्र जारि गरिएको छ हेर्नुभाको छैन भने हेर्नुहोला पूर्णता हुन बाकि को बिषय मा प्रबक्ता ज्यू संग बुज्नुहोला ।

१३) अछाम बाट म राति ९:३० बजे फर्किदै गर्दा तपाइले आफुले लगेर जानुभएका महिला सदस्य ज्यू हरुलाई मेरो गाडी मा सिट नहुदा नहुदै जसरि नि लग्नुपर्यो भनि

प.सः ०८१/८२
च.नः

मिति- २०८१ भाद्र ११ गते

प्रेसर गरेको र मैले सकिदैन भन्दा पनि नमानेकोले मा नबोली निस्किदा खेरि बैठक मै मेरो अपमान गर्नुभएको हो । घर गाडी मोबाइल व्यक्तिका नितान्त व्यक्तिगत कुराहरु हुदापनि कतिपय अवस्थामा ब्यबहारिकता देखाउनुपर्ने हुन्छ भनि नबुझी अनाबस्यक तनाब दिनुभएको हो राम्रो संग भन्दा नाबुज्ने मान्छे संग जिद्दी नगरी नबोली निस्किने मेरो बानि हो तपाइँ को टिम त सधै रिसाइरहनछ त्यसको लागि मैले के गर्न सक्छु र ।

१४) समिक्षा यात्रा को बेला मसंग जान्छु भनेर कसैले नभनेको सत्य हो । गाडी पन्चर भाको फोटो पनि हजुरलाई पठाउनु पर्छ भन्ने कुरा ख्याल गर्न सकिएन पन्चर भएको गाडी बन्न सक्छ र बनाएर मा कंचनपुर गएको हो ।

१५) क्लोज क्याम्प मा तपाइँ र केन्द्रिय सह-कोषाध्यक्ष काठमाण्डौ बाट संगै आउनुभो दीपक बोहोरा ज्यू ले महामन्त्री म संग जान्छन तपाइले तयारि गर्नासक्नुहुन्छनी भनेर सोद्धा तपाइले किन हुन्छ म गरिहाल्छु केहि परे फोन बाट सल्लाह गरम्ला भन्नुभो ? महामन्त्री ले नै गर्नपर्छ किन भन्नुभएन ? मैले सम्पूर्ण तहगत समितिहरु मा सुचीत गराई कुन जिल्ला बाट कति उपस्थिति हुन्छ भन्ने टुंगो लगाई खाना खाजा ब्यबस्थापन को जिम्मा कैलाली जिल्ला संयोजक र धनगढी सभापति लाइ दिएको थिए । त्यसपछि को तयारीमा राति को ११ किन बज्यो ? टिकापुर बाट २ दिन अघि आएर तयारि गरेको भए समस्या हुन्थेन होला । राति घरबेटी को छत मा तपाइँ हामीले संगै रक्सि खाको हो खाको कुरा पनि किन बिबादित गर्न खोजेको ? अफिस मा तपाइहरु लाई देखेर छिरेको हो ।

प.सः ०८१/८२
च.नः मिति- २०८१ भाद्र ११ गते

१६) एकै प्रश्न धेरै चोटी गरेर फरक उत्तर आउदैन बाहिर भास्य बनाएको हैन तपाइलाई नै भनेको हो आफु अनुकुल भए मात्र राख्ने नभए पेल्ने , कसरि हुन्छ हटाउने जो अहिले म माथि पनि गरिदैछ यसरि गर्नुहुन्न र सबैलाई हटाउदा राम्रो हुदैन यो तरिकाले तपाइँ सक्नुहुन्न भनेर, पार्टी ले गणेस कार्की लाइ सम्मान नगरेको भए पार्टी को लागि आज उहा एक महत्वपुर्ण बौद्धिक व्यक्तित्व मा स्थापित हुनुहुन्थेन ।

१७) क्लोज क्याम्प को समिक्षा बैठक मा प्रतिबेदन म आफै बनाउछु भनेर भन्नुभएको झुटो होर ? प्रबक्ता लाइ टाइपीङ गरिदिनुपर्यो भन्दा उहाले मसंग धेरै काम छ भ्याउदैन भन्दा तपाइले ठिक छ म आफै टाइपीङ गरेर बनाउछु भन्नुभएको कुरो झुटो हो ? तपाइले दिउसो भनेको कुरा मैले बनाएर पठाएको हो संगठन सचिब लाइ दिएको काम भएन अब यो प्रश्न मलाइ किन, अरु प्रश्न गर्ने ठाउ नपाएर हो ? तपाइले म आफै गर्छु भनेको काम मा मैले के भंनेहोला त ? ठिकै छ जबाफ दिनु मेरो कर्तब्य हो ।

१८) तपाइको प्रश्न मै जबाफ छ मैले सिधै संगठन बिभाग प्रमुख कविन्द्र बुर्लाकोटी ज्यू र तपाइँ लाई नै प्रदेश मा हाम्रो स्वभाब मिलिराछैन यात बिभाग तिर ब्यबस्थापन गरिदिनुस नभए म साधारण सदस्य भएर ब्बस्छु भनि प्रस्ताब राखेको हो यसमा तपाइले हुदैन भन्नुभो के यो कुरा झुटो हो ?

19) बिधान मा टेकेर काम गरिराको हो यदि अलगै पत्र मा हस्ताक्षर गराएर काम गर्नेहो भने किन बिधान चहियो सम्झौता गर्दै नियुक्ति दिदै गरे भैहाल्छ नि तपाइले

हस्ताक्षर गराको पत्र मा के लेखिएको थियो मैले पढेको छैन किन भने यो बिधान बिपरित थियो यदि मेरो जबाफ गलत हो भने पुष्टि गर्नुहोला।

२०) कतिपय हामीलेनै गरेका निर्णय हरु समयानुकुल नहुन सक्छन तेइ भएर पार्टी ले निर्मम समिक्षा गर्नुपर्छ भनेको हो र मैले समिक्षा सहित समाधान को पनि कुरा गरेको छु र यो कुरा समिति सम्म सिमित राखेको छु।

२१) यो प्रश्न को जबाफ २० मा आइसकेको छ।

जुन दिन सम्म छु जति दिन सम्म छु इमान्दार तरिकाले पार्टी को काम गरिरहनेछु आजका मिति सम्म पार्टी लाइ अहित हुने पार्टी लाइ घात हुने कुनै कार्य गरिएको छैन र गरिने पनि छैन। सधै सबै मान्छे एउटै जिम्मेवारी मा रहन सक्दैनन् यो ध्रुब सत्य हो त्यसैले ठाउँ मा हुदा म देखाउछु भनेर जादा कुनै दिन आफुले पनि देख्नु पर्ने हुन्छ र भोग्नु पर्ने हुन्छ त्यो कुरा प्रति म सदैब सचेत छु। जवाफ मा लेखिएका कुराहरु तितो लाग्न सक्छन तर सबै सत्य हुन् झुठा ठहरे त्यसको जिम्मेवारी म लिनेछु। पार्टी मा जोडिएको २० महिना हुदैगर्दा आजका मिति सम्म तपाइँ बाट कुनै आत्मसमीक्षा र आत्मालोचना गरेको देखिएन र मेरो बिचार मा आत्मसमीक्षा र आत्मालोचना नगर्न सक्ने व्यक्ति कहिलै नेतृत्व बन्न सक्दैन र त्यसै कारण ले तपाइँ लाई सक्नुहुन्न भनेको हो। म पनि भारत कै सबै भन्दा ठुलो बहुराष्ट्रिय पोल्ट्री ग्रुप (venkys india ltd ) मा लगभग ५ बर्ष काम गरेको हो। पढाइ गर्दैमा र बहुराष्ट्रिय कम्पनि मा काम गर्दैमा सबै कुरा जानिने भए सबै नेता बनिसक्थे त्यसैले कतिपय कुराहरु आफ्ना समकक्षी हरु बाट पनि सिकिन्छ र भोगाइ ले नै किताब ले दिन

# राष्ट्रिय स्वतन्त्र पार्टी
**NATIONAL INDEPENDENT PARTY**
सुदुर पश्चिम प्रदेश कार्यालय
धनगढी, कैलाली

प.सः ०८१/८२
च.नः

मिति- २०८१ भाद्र ११ गते

नसकेको ज्ञान दिन्छ भन्ने कुरा मा म स्पस्ट छु । तपाइँ लाई चित्त बुजेपानी नाबुजेपानी मैले जबाफ दिनुपर्ने मेरो कर्तब्य हो बाकि तपाइको जो मर्जी धन्यबाद ।

प्रदेश महामन्त्री
राष्ट्रिय स्वतन्त्र पार्टी
सुदुरपश्चिम प्रदेश